

BUTWAL POWER COMPANY LIMITED

आर्थिक वर्ष
०६५/६६

# बुटवल पावर कम्पनी लिमिटेड

## १७औं वार्षिक साधारण सभाका निर्णयहरू

www.bpc.com.np



## (क) पृष्ठभूमि:

यस बुटवल पावर कम्पनी लिमिटेडको १७औं वार्षिक साधारण सभा मिति २०६६।०९।२४ (तद्नुसार जनवरी ८, २०१०) शुक्रवारका दिन विहान ११:०० बजे कम्पनीको कार्यालय, बुद्धनगर, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

कम्पनी सचिवले संचालक समितिका अध्यक्ष, सदस्यहरू, शेयरधनीहरू, कम्पनीका पदाधिकारीहरू तथा आमन्त्रित सवै महानुभावहरूलाई १७औं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दै आसन ग्रहण गर्न अनुरोध गर्नु भयो र अध्यक्षज्यूको अनुमति लिई सभा संचालन गर्नु भयो ।

### (१) सभा सम्बन्धी सूचना र प्रकाशन :

अ) १७औं वार्षिक साधारण सभाको सूचना, विषय सूची, कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरू तथा संचालक समितिको प्रतिवेदन शेयरधनीहरूलाई कम्पनीमा उपलब्ध उहाँहरूको ठेगानामा पठाइएको थियो। साथै, वासलात तथा नाफा नोक्सान हिसाव र नगद प्रवाह एवं कम्पनीको अन्य प्रगति विवरण सहितको प्रतिवेदन साधारण सभामा उपस्थित शेयरधनीहरूलाई वितरण गरिएको थियो ।

आ) मिति २०६६।०९।०१ को समचार पत्र राष्ट्रिय दैनिक र मिति २०६६।०९।०२ को कान्तिपुर राष्ट्रिय दैनिकमा १७औं वार्षिक साधारण सभाको सूचना प्रकाशित गरी सवै शेयरधनीलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो ।

### (२) उपस्थिति :

#### अ) संचालकहरूको उपस्थिति :

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री ज्ञानेन्द्र लाल प्रधान | संचालक |
| ४. श्री रत्न संसार श्रेष्ठ | संचालक |
| ५. श्री अनुप कुमार उपाध्याय | संचालक |
| ६. श्री विजय बहादुर श्रेष्ठ | संचालक |
| ७. श्री सन्तोष कुमार प्रधान | संचालक |
| ८. श्री विजय कृष्ण श्रेष्ठ | वैकल्पिक संचालक |
| ९. श्री राजिव राजभण्डारी | वैकल्पिक संचालक |

### आ) कम्पनीका पदाधिकारीहरूको उपस्थिति :

१. श्री मुरली प्रसाद शर्मा — कम्पनी सचिव
२. श्री रंजन लोहार — प्रमुख कार्यकारी अधिकृत
३. श्री राम भक्त कार्की — भाईस प्रेसिडेण्ट, संचालन
४. श्री देवी प्रसाद दाहल — भाईस प्रेसिडेण्ट, संगठन व्यवस्थापन
५. श्री मनोहर श्रेष्ठ — भाईस प्रेसिडेण्ट, इन्जिनियरिङ्ग

### ई) पर्यावेक्षक

१. श्री नारायण प्रसाद शर्मा, नेपाल धितोपत्र वोर्ड
२. श्री राजमणि दाहल, कम्पनी रजिष्ट्रारको कार्यालय
३. श्री वाल कृष्ण कोइजु, नेपाल धितोपत्र विनिमय वजार लि.

### इ) शेयरधनीको उपस्थिति

कुल शेयरधनीहरू मध्ये ११२ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरूको साधारण सभामा उपस्थिति रहेको थियो ।

## (ख) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | उपस्थितिको प्रतिशत |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | ८,३९०,५७७ कित्ता | ७७५५५३६ कित्ता | ९२ |
| कम्पनीको शेयरधनी | ८०५ जना | ११२ जना | १४ |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरूको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रित पूर्वक बोलाईएको ठहर गरी विधिवत् रूपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गऱ्यो ।

अध्यक्षको अनुमित लिई कम्पनी सचिवले सभामा छलफल हुने विषयसूची र प्रस्तावहरू शेयरधनीहरू समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत हुने विषयसूचीलाई साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो । तत्पश्चात साधारण सभामा विषयसूची अनुसार प्रस्तावहरू प्रस्तुत एवं निर्णय भए ।

## (घ) छलफलका विषयहरू:

**साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका विषयहरू प्रस्तुत गरिएका थिए ।**

(१) संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) आ.व. २०६५।६६ को लेखापरीक्षकको प्रतिवेदन सहित २०६६ आषढ मसान्तको वासलात र आ.व. २०६५।६६ को वार्षिक नाफानोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०६६।६७ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे वमोजिमको चुक्ता पूंजीको वीस प्रतिशत लाभांश स्विकृत गर्ने ।

(५) संचालक समितिले सिफारिस गरे वमोजिमको दश प्रतिशत वोनस शेयर जारी गर्ने विषेश प्रस्ताव पारित गर्ने ।

(६) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संसोधनको विशेष प्रस्ताव पारित गर्ने ।

(७) १००:६७ को अनुपातमा हकप्रद शेयर जारी गर्ने विषेश प्रस्ताव पारित गर्ने ।

(८) सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने ।

(९) विविध ।

## (ङ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुति:

कम्पनी सचिवले निर्धारित विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अनुमति लिई संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूलाई संचालक समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो ।

अध्यक्ष श्री पद्म ज्योतिले संचालक समितिको वार्षिक प्रतिवेदन (आ.व. २०६५।०६६ को) साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

अध्यक्षज्यूवाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि १२ जना शेयरधनीहरूले सो प्रतिवेदन तथा उहांहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०६५।०६६ को आर्थिक विवरणहरू (२०६६ आषाढ मसान्तको वासलात तथा आ.व. २०६५।०६६ को नाफा नोक्सान हिसाव र नगद प्रवाह समेत) मा आफ्नो राय, प्रतिकृया तथा सुझाव राख्नु भएको थियो । उहाँहरूको राय, सुझाव र प्रतिकृया निम्न वमोजिम रहेको थियो ।

## १. श्री कुवेर श्रेष्ठ

कम्पनीले अत्यन्त पारदर्शी भएर विस्तृतरूपमा वार्षिक प्रतिवेदन प्रस्तुत गरेको हुँदा संचालक समिति तथा व्यवस्थापन प्रतिको शेयरधनीहरूको विश्वास अझ बढेको धारण व्यक्त गर्नु भयो । कम्पनीले लाभांश तथा वोनस शेयर दुवै दिने सम्वन्धमा साधारण सभामा प्रस्ताव गरेकोमा धन्यवाद दिंदै हाल विद्यमान लोडसेडिङवाट राहत दिनको लागि कम्पनीले केही प्रभावकारी कदम चाल्न सक्ने भए त्यतातिर ध्यान दिन अनुरोध गर्नु भयो । इन्जिनियरिङ परामर्श व्यवसायवाट नाफा बढेको देखिन्छ र आगामी वर्षमा यो नाफा अझ बृद्धि गर्न कम्पनी सक्षमहोस् भन्ने कामना गर्नु भयो । हाल कम्पनीमा नर्वेजियन कम्पनीको लगानी रहेको र आगामी दिनहरूमा थप विदेशी लगानीको लागि प्रयास गरी नयाँ परियोजनाहरूको निर्माण गर्ने कार्यमा विशेष ध्यान दिन सल्लाह दिनु भयो । साथै, कर्मचारीहरूले राम्रो कार्य सम्पादन गरेको वार्षिक प्रतिवेदनवाट प्रष्ट देखिएको हुँदा आगामी दिनमा कर्मचारीहरूले बढी भन्दा वढी नाफा गरेर मात्रै कम्पनीवाट थप सुविधाको अपेक्षा गर्न सुझाव दिनु भयो ।

## २. निर्मल प्रधान

कम्पनीले शेयरधनीहरूलाई नगद लाभांश, वोनस शेरतथा हकप्रद शेयर दिने निर्णय गरी सभामा प्रस्तावहरू पेश गरेकोमा संचालक समितिलाई धन्यवाद दिनु भयो । हालका दिनमा कम्पनीले अगाडि बढ्नको लागि विभिन्न परियोजनाका कार्यहरू अगाडि बढाइरहेको देखिएकोमा खुसी व्यक्त गर्नु भयो । देशमा जलविद्युत क्षेत्रको विकासको लागि नेपाल विद्युत प्राधिकरण जस्तै अगाडि बढ्नको लागि सुझाव दिनु भयो । सर्वसाधारणको हित तथा पूंजी वजारलाई ध्यानमा राख्दै अगाडि बढ्न पनि सुझाव दिनु भयो । कम्पनीले जारी गर्ने वोनस तथा हकप्रद शेयरका सम्वन्धमा शेयर पाउने वा खरिद गर्न पाउने हक दशमलवमा आएको सम्वन्धमा शेयरधनीसंग नपुग रकम असूल गरी एक कित्ता वरावरको शेयर जारी गरी दशमलवमा आएको हिसाव समायोजन गर्न पनि सुझाव दिनु भयो ।

## ३. रामलाल श्रेष्ठ

संचालक समितिले दश प्रतिशत वोनस शेयर तथा वीस प्रतिशत नगद लाभांश दिन लागेकोमा धन्यवाद ज्ञापन गर्नु भयो । आगामी दिनमा प्रशासनिक खर्च कम गर्ने तर्फ ध्यान दिनको लागि सुझाव दिनु भयो ।

## ४. रोज कुमार श्रेष्ठ

संचालक समितिले वोनस शेयर तथा नगद लाभांश दिन लागेकोमा धन्यवाद ज्ञापन गर्दै व्यवस्थापिका संसदले विद्युत विधेयक पारित गर्नु पूर्व कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संसोधन आएको सम्वन्धमा प्रष्ट पार्न आग्रह गर्नु भयो ।

## ५. व्यास कुमार शर्मा

संचालक समितिले गत वर्ष शेयरधनीहरूवाट प्रस्तुत भएका सुझावहरूलाई महत्व दिई कार्य सम्पादन गरेको र शेयरधनीहरूको अपेक्षा अनुरूप नगद, वोनस शेयर तथा हकप्रद शेयर दिने गरी प्रस्ताव समेत सभामा पेश गरेको भनी हार्दिक धन्यवाद दिनु भयो । कम्पनीले पूंजी वृद्धिको प्रस्ताव ल्याएकोमा खुसी व्यक्त गर्दै कम्पनीको आगामी दिनका कार्य सम्पादनहरू जलविद्युत क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूलाई प्रेरणा तथा नेतृत्व दिने तर्फ उन्मुख हुँदै जाओस् भन्ने शुभकामना गर्नु भयो । कम्पनीले मानव शंसाधनको पक्षमा ध्यान दिंदै आगामी दिनमा सक्षम तथा व्यवसायिक व्यक्तित्वहरूलाई कम्पनीमा कायम राख्न (Retaintion) को लागि ध्यान दिन समेत सुझाव दिनु भयो ।

## ६. विष्णु बहादुर सिंह

कम्पनीले सामाजिक उत्तरदायित्वको रूपमा परियोजना आसपासका गा.वि.स.हरूमा विद्युतीकरणको कार्य गरिरहेको छ । विद्युतीकरणको कार्यलाई अर्घाखाँची जिल्लाका विभिन्न गा. वि. स. हरूमा समेत विस्तार गर्नको लागि स्थानिय जनताको जिल्ला अनुरोध रहँदै आएको र त्यही सन्देशलाई दिन चाहन्छु भन्नु भयो । साथै कावेली जलविद्युत आयोजना शुरू हुन ढिलाई भएको सम्वन्धमा जिज्ञासा राख्नु भयो ।

## ७. श्री डमरू वल्लभ घिमिरे

गत वर्षको साधारण सभामा शेयरधनीहरूवाट प्रस्तुत सुझावहरूलाई यस पटक कार्यन्वयनमा ल्याइएकोमा धन्यवाद ज्ञापन गर्नु भयो र आगामी वर्षहरूमा कम्पनीले थप प्रगति गर्न सकोस् भन्ने शुभकामना दिनु भयो ।

## ८. श्री अमिर दास रन्जित

कम्पनीले शेयरधनीहरूलाई वोनस शेयर तथा नगद लाभांश तथा हकप्रद शेयर दिन लागेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी वर्ष साधारण सभा छिटो गर्नको लागि सुझाव प्रस्तुत गर्नु भयो ।

## ९. अमृत नाथ रेग्मी

कम्पनीले लगानीको लागि लगानी कोष खडा गर्न सकिने संभावना मध्यनजर गर्दै अगाडि बढ्न तथा उपभोक्ताहरू बृद्धि गर्ने तर्फ ध्यान दिन सुझाव दिनु भयो ।

## १०. श्री रोल्फ पिटर डाए

कम्पनीले कार्यसम्पादन राम्रो संग गरेकोमा कम्पनी व्यवस्थापन तथा कर्मचारीहरू सवैमा धन्यवाद ज्ञापन गर्नु भयो । नेपालमा जलविद्युत क्षेत्रको संभावना र भविश्य उज्वल रहेको तर्फ संकेत गर्दै आगामी दिनमा कसरी थप सहयोग गर्न सकिन्छ भन्ने सम्वन्धमा सोचिरहेको भन्दै विभिन्न प्रविधिहरूको विस्तारको लागि काम गर्न तत्पर रहेको विचार व्यक्त गर्नु भयो । त्यसैगरी उहाँले हालै आई. के. एन. नेपालले विपिसिको सहायक कम्पनी नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेडको उल्लेख्य संख्यामा शेयर खरिद गर्नको लागि खरिद विक्री सम्झौता गरिसकेको जानकारी गराउनु भयो । यस पहलकदमीवाट नेपालमा नर्वेजियन औधोगिक उपस्थितिलाई बढवा दिन तथा प्रविधिहरूको हस्तान्तरण एवं आर्थिक श्रोतको परिचालन गर्न स्थान मिलेको छ भन्दै भविष्यमा आइपर्ने चुनौतिहरूलाई कम्पनीले राम्रो संग सामना गर्दै प्रगति गर्नेछ भन्ने विश्वास पनि व्यक्त गर्नु भयो ।

## ११. श्री वलराम प्रधान

यस कम्पनीको संस्थापक शेयरधनी भएको नाताले लामो समयदेखी कम्पनीलाई नजिकवाट हेरिरहेको जानकारी गराउँदै कम्पनीले हालका वर्षहरूमा सिभिल इन्जिनियरिङ क्षेत्रमा सन्तोषजनक भूमिका निर्वाह गर्न नसकिरहेकोले हालको क्षमतामा विस्तार गर्न र त्यसको लागि प्रभावकारी उपायहरू अवलम्वन गर्न सुझाव दिनु भयो ।

## १२. श्री गणेश लाल श्रेष्ठ

साधारण सभाको सफलताको कामना गर्दै कम्पनीले धेरै चुनौतिहरूका वावजुद वोनस शेयर, हकप्रद शेयर तथा नगद लाभांश दिन लागेकोमा संचालक समिति, व्यवस्थापन तथा कर्मचारीहरू एवं शेयरधनीहरूलाई वधाई ज्ञापन गर्नु भयो । सर्वसुलभ ढंगवाट ग्रामिण क्षेत्रमा कम्पनीले विद्युत वितरणको कार्य गर्दै आएकोमा खुसी व्यक्त गर्नु भयो । कम्पनीले पूंजी वृद्धि लगायत कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा समसामयिक सुधार गर्न लागेकोमा धन्यवाद दिदै आगामी वर्षमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

शेयरधनीहरूले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०६५।६६ को आर्थिक विवरण उपर आफ्नो राय, प्रतिकृया तथा सुझाव राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरू उपर संचालक समितिको तर्फवाट भनाई राखिदिनको लागि कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरूले प्रस्तुत गरेका सुझावहरूको लागि उहाँहरूलाई धन्यवाद दिंदै जिज्ञासका सम्वन्धमा संचालक समितिको तर्फवाट स्पष्ट पार्नु भएको थियो ।

अध्यक्षज्यूले कम्पनीले समाजिक उत्तरदायित्वलाई आफ्नो क्षमता र शेयरधनीहरू प्रतिको जिम्मेवारी तथा कम्पनीको विस्तार योजनालाई ध्यानमा राखी संधै सन्तुलित हिसावले निर्वाह गर्दै आएको र भविष्यमा सोही अनुरूप अघि वढ्ने जानकारी गराउनु भयो । कावेली 'ए' जलविद्युत परियोजनाको सम्वन्धमा उठेको जिज्ञासाका सम्वन्धमा उक्त परियोजनाको संभाव्यता अध्ययन धेरै अघि भएको हुँदा त्यसलाई अध्यावधिक गर्न आवश्यक भएको र सरकारसंग भएको सहमति अनुरूप एक वर्ष भित्र उक्त अध्ययनलाई अध्यावधिक गरी परियोजनाको निर्माण कार्य शुरू गरिने स्पष्ट पार्नु भयो ।

अध्यक्षज्यूले इन्जिनियरिङ परामर्श व्यवसायवाट आ.व. २०६५।६६ मा नाफा गरेको देखिएको भएतापनि उक्त नाफा गर्नमा कम्पनीले अगाडि वढाएका परियोजनाहरूको मुख्य योगदान रहेको र वाहिरको काम कम भएको हुँदा त्यति उत्सहित भईहाल्ने अवस्था नभएको तर्फ इङ्गित गर्दै यस व्यवसायलाई अझ सशक्त रूपमा अगाडि वढाउन आवश्यक भएको महशुस गरी अलग्गै कम्पनीको रूपमा विकास गर्न लागिएको र यसले पूर्णता पाउनै लागेको स्पष्ट पार्नु भयो । साथै, इन्जिनियरिङमा कार्यरत कर्मचारीहरूलाई कम्पनीको नियम तथा कर्मचारीहरूसंग भएका समझदारीहरूका आधारमा कर्मचारीको सेवा शर्तमा अस नपर्ने गरी गर्नको लागि व्यवस्थापन सचेत रहेको समेत स्पष्ट पार्नु भयो । इन्जिनियरिङ परामर्श व्यवसायलाई अलग्गै कम्पनीकोरूपमा स्थापना गरी संचालन गर्दा हाल कम्पनी भित्र रहेका इन्जिनियरिङ परामर्शका कार्यहरूका अलावा वाह्य परियोजनाहरूको इन्जिनियरिङ परामर्श सम्वन्धी कार्य अपेक्षित रूपमा प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अध्यक्षज्यूले कम्पनीको आयमा कमी आएको सम्वन्धमा त्यसको कारण प्रतिवेदनमा उल्लेख भएको स्मरण गराउँदै कम्पनीको आयमा कमी हुनुको अन्य कारणहरूमा हिमाल पावर लि.मा यसपाली गत वर्षको भन्दा कम लाभांश प्राप्त भएको तथा कम्पनीले सरकारलाई तिर्न पर्ने करको रकममा पनि वृद्धि समेत भएको स्पष्ट पार्नु भयो । तर, कम्पनीको खुद नेटवोर्थमा वृद्धि भएको स्पष्ट पार्नु भयो ।

अध्यक्षज्यूले वोनस तथा हकप्रद शेयर जारी गर्दा आउने शेयरको Fraction का सम्वन्धमा संचालक समितिले हाल कायम शेयर संरचनामा असर नपर्ने गरी शेयरधनीहरूको हितमा उचित निर्णय लिएर अघि बढ्ने स्पष्ट पार्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संसोधनको लागि गरिएको प्रस्तावको सम्वन्धमा कम्पनीले संचालन गरेको व्यवसायलाई सहायक कम्पनी दर्ता गरी सोही कम्पनी मार्फत संचालन गर्न सकिने विद्यमान व्यवस्थालाई सिलसिलेवार रूपमा तथा भाषिकरूपमा स्पष्ट गर्ने कार्य गरिएको हो र संचालक समितिले आवश्यक र उपयूक्त ठानेको समयमा उक्त कार्य सम्पन्न गर्ने स्पष्ट पार्नु भयो । साथै, संसोधन हतारमा नभई सवै पक्षको अध्ययन गरी विद्यमान जलश्रोत नीति तथा व्यवस्थापिका संसदमा विद्यमान विद्युत ऐन समेतलाई ध्यानमा राखी कम्पनीको दिर्घकालिन हितलाई ध्यानमा राखी Proactive भएर ल्याइएको र कम्पनी संचालनको लागि आवश्यक पूंजी वृद्धि तथा लचकताको सम्वन्धमा उचित व्यवस्था गरिएको स्पष्ट पार्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको आन्तरिक नियन्त्रणको सम्वन्धमा उचित ध्यान दिइएको र यसमा संचालक समितिवाट समेत विषेश ध्यान दिईंदै आएको जानकारी गराउनु भयो ।

अध्यक्षज्यूले शेयरधनीलाई आ.ब. २०६५।६६ को लाभांश वितरणको कार्य कानून वमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त भए लगत्तै शुरू गरिने कुरा जानकारी गराउनु भयो ।

यसैगरी शेयरधनीहरूवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिवले साधारण सभाको विषय सूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरू स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो ।

## (च) निर्णयहरू:

१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०६५।०६६ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभावाट उक्त प्रतिवेदन सर्व सम्मतिवाट पारित गर्ने निर्णय भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको लेखापरिक्षित आ.व. २०६५।६६ को आर्थिक विवरणहरू (२०६६ आषाढ मसान्तको वासलात र आ.व. २०६५।०६६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह) साधारण सभाको विषयसूची संगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाव सहितको आ.व. २०६५।०६६ को आर्थिक विवरणहरू स्विकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभावाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरू पारित गर्ने निर्णय भयो ।

३) लेखापरीक्षण समितिका अध्यक्ष श्री रत्न संसार श्रेष्ठले श्री सुन्दर एण्ड कम्पनीले लगातार तिन आर्थिक वर्ष कम्पनीको हिसाव किताव लेखापरीक्षण सम्पन्न गरेको हुँदा आ.व. २०६६।६७ को लागि योग्य नभएको जानकारी गराउँदै लगातार तिन आ.व. कम्पनीको लेखापरीक्षणको कार्य

सम्पन्न गरेकोमा श्री सुन्दरमान श्रेष्ठ र निजका सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्नु भयो । साथै, आ.व. २०६६।६७ को लागि कम्पनीको हिसाव किताव लेखापरीक्षण गर्न योग्य तथा अनुभवी लेखापरीक्षकहरूवाट प्रस्ताव आह्वान गरेकोमा पारदर्शी तथा प्रतिशपर्धाका आधारमा श्री पि.पि.प्रधान एण्ड कम्पनीलाई निजले पेश गरेको प्राविधिक तथा आर्थिक प्रस्तावको आधारमा छनौट गरी निजलाई लेखापरीक्षण वापत सेवा शूल्क रू १७५,००० (एक लाख पचहत्तर हजार रूपैयाँ) मुल्य अभिवृद्वि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च वाहेक (Excluding of VAT, out -station allowance and travel expenses) दिने गरी कम्पनीको आ.व. २०६६।६७ को हिसाव लेखापरीक्षण गर्न लेखापरीक्षक नियूक्तिको लागि लेखापरीक्षण समितिले साधारण सभा समक्ष सिफारिस गर्ने निर्णय गरेको जानकारी गराउँदै लेखापरिक्षक नियुक्तिको लागि प्रस्ताव गर्नु भयो । सभावाट प्रस्ताव गरे वमोजिमनै श्री पि.पि.प्रधान एण्ड कंपनीलाई रू १७५,००० (एक लाख पचहत्तर हजार रूपैयाँ) मुल्य अभिवृद्वि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च वाहेक (Excluding of VAT, out-station allowance and travel expenses) लेखापरीक्षण शुल्क दिने गरी आ.व. २०६६।०६७ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

४) आ.व. २०६५।०६६ को आर्थिक विवरणमा व्यवस्था गरिए वमोजिम शेयरधनीहरूको सुविधा र हितलाई ध्यानमा राख्दै चुक्ता पूँजीको वीस प्रतिशत नगद लाभांश वितरण गर्न संचालक समितिवाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार लाभांश वितरण गर्न प्रस्ताव गरिएकोमा प्रस्ताव वमोजिम १७ औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूंजीको वीस प्रतिशत नगद लाभांश वितरण गर्न सर्वसम्मतिवाट निर्णय भयो ।

५) संचालक समितिको सिफारिसमा शेयरधनीहरूलाई दश प्रतिशत वोनस शेयर जारी गर्ने सम्वन्धमा निर्णयार्थ विषेश प्रस्ताव प्रस्तुत हुँदा १७ औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई निजहरूले लिएको शेयर संख्याको आधारमा दश प्रतिशत वोनस शेयर प्रदान/जारी गर्ने र त्यसरी वोनस शेयर जारी गर्दा लाग्ने आयकर रकम शेयरधनीले पाउने नगद लाभांशवाट कट्टा गर्ने पनि निर्णय भयो । वोनस शेयर जारी गर्दा शेयरधनीले लिइरहेको शेयर संख्याको आधारमा एक शेयर भन्दा कम शेयर (दशमलवमा) पाउने भएमा त्यस्तो शेयर तथा शेयर रकमका सम्वन्धमा विद्यमान शेयर संरचनामा असर नपर्ने गरी उचित निर्णय गर्न संचालक समितिलाईनै अख्तियारी दिने पनि निर्णय भयो ।

(६) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधनको लागि हालका उद्देश्यहरूलाई जलविद्युत नीति २०५८ तथा व्यवस्थापिका संसदमा विचाराधिन विद्युत विधेयकको प्रावधान समेतलाई ध्यानमा राखी विद्यमान केही प्रावधानहरूलाई स्पष्ट पार्न, कम्पनीको पूंजी वृद्धि गर्न तथा कम्पनीको शेयर निश्कासन तथा विक्री वितरणको सम्वन्धमा थप स्पष्ट पार्न आवश्यक भई विषेश प्रस्ताव प्रस्तुत भएकोमा प्रस्तावित संसोधन प्रस्तावलाई सर्वसम्मतिवाट पारित गर्ने निर्णय भयो । सो संसोधन कम्पनी रजिष्ट्रारको कार्यालयवाट स्वीकृत तथा अभिलेख गराउन कुनै वाक्य वा शव्दहरू संसोधन वा हेरफेर गर्न आवश्यक भएमा सो गर्नको लागि कम्पनीका कम्पनी सचिवलाई अधिकार दिने पनि सर्वसम्मतिवाट निर्णय भयो । प्रवन्धपत्र तथा नियमावलीका संसोधित व्यवस्थाहरू यसै निर्णय पुस्तिकाको अनुसूची १ मा दिइएको छ ।

(७) कम्पनीका शेयरधनीहरूलाई १००:६७ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्वन्धमा प्रस्तुत भएको विषेश प्रस्ताव उपर छलफल हुँदा प्रति तीन शेयर वरावर दुई शेयर खरीद गर्न पाउने गरी तथा यसरी खरीद गर्न पाउने शेयरको संख्या दशमलवमा आएको खण्डमा कसरी गर्ने भन्ने सम्वन्धमा निर्णय गर्ने तथा कुन मितिसम्म कायम रहने शेयरधनीहरूले हकप्रद शेयर लिन पाउने भन्ने सम्वन्धमा निर्णय गर्ने अधिकार संचालक समितिलाई दिने गरी हकप्रद शेयर जारी गर्ने विषेश प्रस्ताव सर्वसम्मतिवाट पारित गर्ने निर्णय भयो ।

(८) सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचनका सम्वन्धमा संचालक समितिले अधिवक्ता श्री प्रमोद कुमार आचार्यलाई निर्वाचान अधिकृत नियूक्त गरेको जानकारी गराउँदै संचालक निर्वाचनको लागि गरिएका काम कारवाही तथा निर्वाचित उमेद्वारको नाम घोषणा गर्नका लागि कम्पनी सचिवले निर्वाचन अधिकृतिलाई अनुरोध गर्नु भयो । निर्वाचन अधिकृतले कम्पनीको प्रवन्धपत्र, नियमावली तथा संचालक निर्वाचन सम्वन्धी निर्देशिका, २०६२ को अधिनमा रही मिति २०६६।०६।१६ मा निर्वाचन सम्वन्धी कार्यक्रम प्रकाशित गरी निर्वाचनको कार्यक्रम अगाडि वढाइएको जानकारी गराउँदै मिति २०६६।०९।१९ गते तोकिएको समय भित्र शेयरधनी श्री निर्मल प्रधान एक जनाको मात्र संचालक पदको लागि उमेद्वारी/मनोनय दर्ता भएकोमा निजको उमेद्वारी/मनोनय उपर कसैवाट दावी विरोध समेत नआएको हुँदा निज श्री निर्मल प्रधान निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्दै विजयी उमेद्वारलाई उहाँको कार्यकालको सफलताको लागि शुभकामना दिनु भयो ।

(९) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

संचालक समितिमा सर्वसाधरण तथा कर्मचारी शेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालकको पदमा यसै साधारण सभावाट श्री निर्मल प्रधान निर्विरोध निर्वाचित हुनु भएकोले कम्पनी सचिवले नवनिर्वाचित संचालकलाई छोटो मन्तव्य राखिदिन अनुरोधन गर्नु भयो ।

नवनिर्वाचित संचालक श्री निर्मल प्रधानले छोटो मन्तव्य राख्दै आफू संधै कम्पनीको उत्तरोत्तर प्रगति तथा भलाईको लागि सर्वसाधारण शेयरधनीहरू समेतको हितलाई ध्यानमा राखी काम गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो। साथै, आफूलाई वुटवल पावर कम्पनी लिमिटेडको संचालक पदमा निर्विरोध निर्वाचित गरेकोमा सबै शेयरधनीहरूलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

कम्पनी सचिवले साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरू भएको हुँदा अध्यक्षज्यूलाई १७औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

## छ) धन्यवाद र सभा विसर्जन:

अध्यक्षज्यूले कम्पनीको १७औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु भएकोमा सवै शेयरधनीहरू, संचालक समितिका सहकर्मि सदस्यहरू, व्यवस्थापक तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तित्वहरू, मिडिया तथा कम्पनीको प्रगतीमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्वद्व सवैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरूले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र १७ औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा अपरान्ह ३.१५ वजे विसर्जन भएको थियो ।

..............................
(मुरली प्रसाद शर्मा)
कम्पनी सचिव

..............................
(पद्म ज्योति)
अध्यक्ष

# अनुसूची १

## बुटवल पावर कम्पनी लिमिटेडको प्रवन्धपत्रमा संसोधित व्यवस्था

### १. हाल कायम दफा ३ "कम्पनीको उद्देश्य" लाई संसोधन गरी निम्न अनुसार व्यवस्था गर्ने ।

"दफा ३. कम्पनीको उद्देश्य:- (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) विद्युतशक्ति उत्पादन, प्रसारण तथा बितरण सम्वन्धी नयाँ आयोजनाहरूको पहिचान गर्ने, सर्वेक्षण गर्ने तथा आयोजना कार्यान्वयनको लागि तयार गर्ने ।

(ख) जल वा अन्य साधनबाट विद्युतशक्ति उत्पादन गर्ने ।

(ग) उच्च तथा कम भोल्टेजका प्रसारण लाईनवाट विद्युत प्रशारण गर्ने तथा सो सम्वन्धी सेवा प्रदान गर्ने ।

(घ) विद्युतशक्ति को थोक खरिद विक्री गर्ने ।

(ङ) उपभोक्ताहरूलाई सोझै विद्युत सेवा उलपब्ध गराउने ।

(च) जलश्रोत तथा विद्युत बिकाशको क्षेत्रमा इन्जिनियरिङ परामर्श सेवा प्रदान गर्ने ।

(छ) विद्युत गृह, विद्युत प्रसारण तथा वितरण लाईनको निर्माण, संचालन, ब्यवस्थापन तथा मर्मत संभारको सेवा प्रदान गर्ने ।

(ज) माथि उल्लेखित उद्देश्य कार्यान्वयन गर्न सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी संस्थापना गर्ने तथा त्यसमा लगानी गर्ने ।

(झ) कम्पनीको उद्देश्यहरूसंग सम्बन्धित उद्योगको प्रवर्धन गर्ने र त्यस्ता उद्योगहरूमा लगानी गर्ने ।

(ञ) कम्पनीका उद्देश्य प्राप्तीको निमित्त आवश्यक र सहायक हुने अन्य कामहरू गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

(४) उपदफा (१) मा उल्लिखित उद्देश्य प्राप्तीका लागि प्रचलित कानूनको अधिनमा रही अलग अलग कम्पनी संस्थापना गर्न र हाल कम्पनीले संचालन गरेको व्यवसाय त्यस्ता नयाँ कम्पनीहरू मार्फत संचालन गर्न सकिने छ ।

**२. हाल कायम दफा ४ "कम्पनीको उद्देश्य प्राप्तीको लागि गरिने अन्य कामहरू" लाई संसोधन गरी निम्न अनुसार व्यवस्था गर्ने ।**

"दफा ४. कम्पनीको उद्देश्य प्राप्तीको लागि गरिने अन्य कामहरू:- यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरू गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्ने ।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम राष्ट्रिय तथा अन्तराष्ट्रिय बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीको सम्पत्ति धितो राखी वा नराखी कर्जा लिने वा डिवेन्चर जारी गरी वा अन्य किसिमवाट ऋण उठाउने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) कम्पनीको उद्देश्य प्राप्त गर्नको लागि गरिने कामका लागि आवश्यक इजाजत पत्र प्राप्त गर्न निवेदन दिने र प्राप्त गर्ने ।

(छ) कम्पनीको आवश्यकता अनुसार शाखा कार्यालय खोल्ने ।

(ज) कम्पनीको उद्देश्य प्राप्तीको लागि अन्य कुनै कम्पनी वा संस्थासंग मिलेर कार्य गर्ने ।

(झ) कम्पनीले सञ्चालन गरेको व्यवसायहरू आवश्यक र उपयूक्त देखिएमा सहायक कम्पनी खोली सोही सहायक कम्पनीमा हस्तान्तरण गरी सञ्चालन गर्ने ।

(ञ) सहायक कम्पनीको प्रवर्धन तथा बिकाशको लागि आवश्यक उपायहरू अवलम्वन गर्ने ।

(ट) कम्पनीको उद्देश्य प्राप्त गर्न आवश्यक र सहायक हुने सवै प्रकारका कार्यहरू गर्ने ।

(ठ) कम्पनीको हितको लागि कम्पनीको सम्पत्ति वा अधिकारहरू मध्ये केहि वा सबै धितो वा बन्धक दिने, सट्टपट्टा गर्ने वा अन्य किसिमले ब्यवस्था गर्ने ।

(ड) ऋण दिने वा ऋणको लागि जमानत दिने ।

**३. हाल कायम दफा ५ "कम्पनीको शेयर पूँजी लाई संसोधन गरी निम्न अनुसार व्यवस्था गर्ने ।**

"दफा ५ कम्पनीको शेयर पूजी:-

(क) कम्पनी को अधिकृत पूँजी रू.८,००,००,००,०००।- (आठ अरब रूपैया) हुनेछ र सो पूँजीलाई प्रतिशेयर रू. १०० दरका ८०,०००,००० साधारण शेयर र अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको जारी पूँजी रू.१,६९०,०००,०००।- (एक अरव उनान्सत्तरी करोड रूपैया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० दरका १६,९००,००० साधारण शेयर शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीले प्रचलित कानूनको अधिनमा रही सर्वसाधारणमा शेयर निश्कासन गरी पूँजी उठाउन सक्नेछ ।

**४. हाल कायम दफा ७ "शेयर निश्काशन तथा विक्री" लाई संसोधन गरी निम्न अनुसार व्यवस्था गर्ने ।**

"दफा ७. शेयर निश्काशन तथा विक्रीः-

(क) कम्पनीले हकप्रद निश्काशन, नयाँ निश्काशन वा/र अग्राधिकार शेयर निश्काशन गरी वा/र संचित मूनाफालाई पूंजीकरण गरी वोनस शेयर दिई चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ ।

तर हकप्रद शेयर निश्काशन भएकोमा सर्वसाधारण वाहेक अन्य शेयरधनीले शेयर खरीद गर्न पाउने अधिकार उपयोग नगरेमा सर्बसाधारण वाहेकका शेयरधनीहरूले समानुपातिक रूपमा खरिद गर्न पाउने गरी सञ्चालक समितिले तोके वमोजिम विक्री गर्न सकिने छ । सर्वसाधारण शेयरधनीले हकप्रद शेयर खरिद गर्न पाउने अधिकार उपयोग नगरेमा त्यस्तो शेयर वढावढ गरी विक्री गरिनेछ ।

(ख) कम्पनीले शेयर नयाँ निश्काशन गर्दा नयाँ निश्काशन भएको शेयर खरिद गर्ने शेयर धनीहरू सर्वसाधारण शेयरधनी समूह अर्न्तगत पर्नेछन् ।

(ग) कम्पनीले नयाँ शेयर निश्काशन गर्दा प्रचलित कानूनको अधिनमा रही निश्कासित शेयरको निश्चित प्रतिशत शेयर कम्पनीले निर्माण गरेको आयोजनाबाट प्रभावित क्षेत्र वा विद्युत उत्पादन केन्द्रहरू रहेको गाउँ विकास समिति वा नगरपालिकामा स्थायी वसोवास गर्ने जनता तथा कम्पनीमा तथा कम्पनीका सहायक कम्पनीमा कार्यरत कर्मचारीहरूले खरीद गर्न पाउने गरी सुरक्षित गरिदिन सक्नेछ ।

**५. हाल कायम दफा ७ पछि निम्न अनुसार दफा ७क र दफा ७ख थप गर्ने ।**

"७.क कम्पनीको शेयरको किसिमः (१) कम्पनीले साधारण र अग्राधिकार दुवै प्रकारका शेयर जारी गर्न सक्नेछ ।

(२) अग्राधिकार शेयर जारी गर्दा अग्राधिकार शेयर सम्वन्धी व्यवस्था निम्न वमोजिम हुनेछ :-

(क) अग्राधिकार शेयर संख्या शेयर जारी गर्दा संचालक समितिले निर्धारण गरेवमोजिम हुनेछ र प्रति शेयरको मूल्य रू. १०० हुनेछ ।

(ख) अग्राधिकार शेयरधनीले साधारण सभामा भाग लिन पाउने छैन ।

(ग) अग्राधिकार शेयर साधारण शेयरमा परिणत हुने छैन ।

(घ) अग्राधिकार शेयर लाभांश सञ्चित हुदैजाने (Cumulative) र विमोच्य (Redeemable) हुनेछ ।

७.ख शेयर वापतको रकमको भुक्तानी : (१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रूपमा भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरू निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरूको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

# बुटवल पावर कम्पनी लिमिटेडको नियमावलीमा संसोधित व्यवस्था

### १. नियम २ ञ को पछि नियम २ ट निम्न अनुसार थप गर्ने ।

"२ ट "सर्वसाधारण शेयरधनी" भन्नाले कम्पनीको शेयर सर्वसाधारण जो सुकैले किन्न पाउने गरी आह्वान गरेको शेयर खरीद गर्ने शेयरधनी सम्झनु पर्छ र यस शब्दले त्यस्तो शेयर खरिद गर्ने कर्मचारी तथा सूचीकरण भएका शेयर धितोपत्र वजार मार्फत शेयर खरिद गर्ने व्यक्ति समेतलाई जनाउँछ ।"

### २. हाल कायम नियम ७ "कम्पनीको शेयर पूजी" लाई संसोधन गरी निम्न अनुसार व्यवस्था गर्ने ।

"७. शेयरको अंकित मूल्य : यस कम्पनीको शेयरको अंकित मूल्य रू.१०० हुनेछ ।"

### ३. नियम ७ को पछि नियम ७क र नियम ७ख थप गर्ने ।

"७.क शेयरमा लियन रहने कुरा : शेयरधनीहरूले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरूका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७.ख अग्राधिकार शेयर : अग्राधिकार शेयर सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ :-

(क) अग्राधिकार शेयरधनीले साधारण शेयर भन्दा अगाडि लाभांश प्राप्त गर्ने छन् ।

(ख) अग्राधिकार शेयरधनीले प्राप्त गर्ने लाभांश त्यस्तो अग्राधिकार शेयर जारी गर्दा संचालक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(ग) अग्राधिकार शेयरधनीले पाउने लाभांश प्रत्येक वर्ष मुनाफा जोडिदै जाने (क्युमुलेटिभ) प्रकृतिको हुनेछ ।

(घ) कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार शेयरको शेयरधनीले अग्राधिकार पाउने छ ।

(ङ) अग्राधिकार शेयरको शेयरधनीहरूले साधारण सभामा भागलिने तथा मताधिकार प्रयोग गर्न पाउने छैन ।

(च) अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुन सक्ने छैन ।

(छ) अग्राधिकार शेयर जारी गर्दा शेयर वापतको रकम निश्चित अवधिपछि फिर्ता गर्न सकिने (रिडिमेवल) सम्वन्धमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम समयावधी तोकी शेयर जारी गरिनेछ ।

(झ) अग्राधिकार शेयर वापतको रकम फिर्ता भूक्तानी गर्दा प्रिमियम दिने व्यवस्था गरिएको छैन ।"

४. हाल कायम नियम ९ 'शेयरको विक्री' लाई संसोधन गरी निम्न अनुसार व्यवस्था गर्ने ।

"दफा ९. शेयर निश्काशन तथा विक्री

(क) कम्पनीले हकप्रद निश्काशन, नयाँ निश्काशन वा/र अग्राधिकार शेयर निश्काशन गरी वा/र वोनस
शेयर दिई चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ ।

(ख) कम्पनीले शेयर नयाँ निश्काशन गर्दा नयाँ निश्काशन भएको शेयर खरिद गर्ने शेयरधनीहरू सर्वसाधारण शेयरधनीहरूको समूह अर्न्तगत पर्ने छन् ।

(ग) नयाँ शेयर निश्काशन गर्दा प्रचलित कानूनको अधिनमा रही कम्पनीले निर्माण गरेको बिद्युत आयोजनाले प्रभाव पारेको क्षेत्र वा विद्युत उत्पादन केन्द्र रहेको गाउँ विकास समिति वा
नगरपालिकामा स्थायी वसोवास गर्ने जनता तथा कम्पनीमा तथा कम्पनीका सहायक कम्पनीमा कार्यरत कर्मचारीहरूले खरीद गर्न पाउने गरी सुरक्षित गर्न सकिनेछ ।"

५. नियम १५ को पछाडि नियम १५क थप गर्ने ।

"१५ क शेयर जफत सम्बन्धी व्यवस्था : कम्पनीले ऐनले तोकिदिएको प्रकृया पुरा गरी शेयर जफत गर्न सक्ने छ ।"

६. नियम २२(१) (छ) को पछाडि नियम २२(१) (ज) थप गर्ने ।

"२२ (१) (ज) माथीका खण्डहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले लाभांश घोषणा गर्ने सिफारिस गर्दा नगद लाभांश वा वोनस शेयर वा दुवै दिने गरी साधारण सभामा सिफारिस गर्न सक्नेछ ।"

BUTWAL POWER COMPANY LIMITED

www.bpc.com.np